# गैर बैकिङ्ग (अचल) सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०७९ साल माघ महिना १३ गते शुक्रबार)

यस मुक्तिनाथ विकास बैंक लि. कमलादी, काठमाण्डौको नाममा दर्ता श्रेष्ता कायम रहेको तपशिल बमोजिमका गैर बैकिङ्ग (अचल) सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको तपसिल खण्डमा उल्लेखित शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

## तपशिल

| क्र.स. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु पर्ने शाखा कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सुनसरी | साविक भादगाउँ सिनवारी हाल रामधुनी | ५ | ३८५१ | ०-१-१.५-० (विघा) | बैंकको शाखा कार्यालय ईटहरी | जग्गा |
| | | | | ३८५३ | ०-२-२.२५-० (विघा) | | जग्गा |
| २ | मोरङ्ग | साविक कसेनी हाल बेलबारी | ३ | ११७१ | ०-२-३-० (विघा) | | घरजग्गा |
| ३ | झापा | साविक तोपगाछी हाल कमल गा.पा. | साविक ५ हाल ३ | १७८० | ०-१-२-० (विघा) | बैंकको शाखा कार्यालय दमक | जग्गा |
| ४ | नवलपरसी (वर्दघाट सुस्ता पश्चिम) | साविक उनवच हाल रामग्राम, बैकुण्ठपुर | साविक ९ हाल ८ | ६९३ | ०-६-५-० (विघा) | बैंकको शाखा कार्यालय भुमही | जग्गा |
| | | | | ६६८ | ०-५-११-३ (विघा) | | जग्गा |
| ५ | पाल्पा | रामपुर | साविक ५ हाल ७ | २९०८ | १-६-१-१ (रोपनी) | बैंकको शाखा कार्यालय रामपुर पाल्पा | जग्गा |
| | | | | २९११ | २-१५-२-३ (रोपनी) | | जग्गा |
| ६ | पाल्पा | साविक खलिवन हाल रामपुर | साविक ४ हाल ८ | ७८४ | ४-५-०-० (रोपनी) | | जग्गा |
| ७ | बर्दिया | साविक कालिका गा.वि.स. हाल बढैयाताल गा.पा. | साविक ९ हाल ७ | ५२५ | ४२१५.८१ (व.मी) | बैंकको शाखा कार्यालय गुलरिया | जग्गा |
| | | | | ५२२ | ८२९.४९ (व.मी) | | जग्गा |
| ८ | चितवन | साविक गुन्जनगर हाल भरतपुर म.न.पा. | साविक ३ हाल २० | ९८८ | ३९००.०३ (व.मी) | बैंकको शाखा कार्यालय खोलेशिमल | जग्गा |
| ९ | मोरङ | बिराटनगर | १ | ५५५ | ०-०-७-० (विघा) | बैंकको शाखा कार्यालय बिराटनगर | जग्गा |
| | | | | ५५४ | ०-०-१३-१ (विघा) | | |
| | | | | १८०० | ०-०-२-३ (विघा) | | |
| | | | | ५५३ | ०-०-७-० (विघा) | | |
| | | | | १७९९ | ०-०-७-१ (विघा) | | |
| | | | | १८०१ | ०-०-१०-०(विघा) | | |
| | | | | ५५६ | ०-०-१२-१ (विघा) | | |
| | | | | ३०६ | ०-३-३-० (विघा) | | |
| | | | | ५४९ | ०-०-६-१ (विघा) | | |

धितो रहेको ठाउँको नक्साहरु

१



२



३



४



५



६



७




८




९




## शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०७९/१०/२७ गते भित्र यस बैंकको माथि तालिकामा उल्लेखित शाखा कार्यालयहरुमा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०७९/१०/२९ गते आइतबार दिउसो १:०० बजे बोलपत्र पेश भएका शाखा कार्यालयहरुमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा आमन्त्रित सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम सम्बन्धी कार्य हुनेछ । बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्ने छ ।

७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।

८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

९) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस विकास बैंकमा सर्म्पक राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ ।

१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पुर्ण रकम विकास बैंकमा बुझाई तोकिएको समय भित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम स्वत: जफत हुनेछ ।

११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, दै दस्तुर,कर तथा अन्य शुल्क ईत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१२) बोलपत्र दाखिल भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।

१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१४) बोलपत्र सदर बदर हुनु अगावै पूर्व जग्गाधनीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी विना व्याज धरौटी रकम फिर्ता दिईने छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**